नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं।

प सं: ०७७/७८

फोन नं: ०१-४२००५११

च नं: २५

मितिः २०७७।०४।२८

श्री जिल्ला समन्वय समितिको कार्यालय, (सबै)

बिषयः कोषमा रहेको मौज्दात रकमको विवरण पठाउने सम्बन्धमा।

प्रस्तुत विषयमा साविकमा जिल्ला विकास समितिको कार्यालयमा आर्थिक बर्ष २०७४/०७५ सम्म रहेका विभिन्न कोषको रकम उपयोगको सम्बन्धमा जिल्ला समन्वय समिति मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ कार्यान्वयनमा रहेको व्यहोरा अवगतै छ। कतिपय जिल्ला समन्वय समितिले आर्थिक बर्ष २०७४/०७५ पश्चात पनि आफ्नो सम्पतिको उपयोग गरीआम्दानी गरेको र केही जिल्लामा निर्देशिका अनुसार रकम उपयोग हुन नसकेको देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९३ उपदफा (२) को व्यवस्था बमोजिम अन्य स्रोतबाट प्राप्त रकमको उपयोगका सम्बन्धमा नीतिगत मार्गदर्शन गर्न आवश्यक परेकोले आ.ब. २०७६/०७७ सम्म जिल्ला समन्वय समितिमा विभिन्न कोषमा रहेको मौज्दात रकमको विवरण देहायको ढाँचामा मन्त्रालयको ईमेल ठेगाना (local.level.coordination@mofaga.gov.np वा cmmofald@gmail.com पठाउनु हुन निर्णयनुसार अनुरोध छ।

<u>तपशिल</u>

| क्र.स. | विवरण | रकम (रूपैयाँ) | कैफियत |
|---|---|---|---|
| १ | निर्देशिका अनुसार दायित्व सिर्जना भएको रकम,<br>*(स्थानीय तहलाई भुक्तानी दिन बाँकी रकम उल्लेख गर्ने)* | | |
| २ | निर्देशिका अनुसार हालसम्म दायित्व सिर्जना नभई बाँकी रकम, | | |
| ३ | आ.ब. २०७५/०७६ देखि आ.ब. २०७६/०७७ सम्म जिल्ला समन्वय समितिले अन्य स्रोतवाट आर्जन गरेको रकम, | | |
| ४ | साविक स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम कर्मचारी कल्याण कोषमा रहेको रकम, | | |

.........
जनकराज शर्मा
शाखा अधिकृत

<u>बोधार्थ:</u>

श्री सूचना तथा प्रविधि शाखा : पत्र वेभसाइटमा अपलोड गरिदिनु हुन ।